प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुरको

## डिप्लोमा तह विशेष प्राविधिक शिक्षा छात्रवृत्ति कार्यक्रमको सेमेष्टर परीक्षा प्रणालीका नियमित/आंशिक परीक्षा आवेदन फाराम भर्ने बारेको अत्यन्त जरुरी सूचना

(सूचना प्रकाशित मिति २०७७।१२।०९)

यस परिषद्का आंगिक, साझेदारी, सामुदायिक विद्यालय र निजी स्तरका शिक्षण संस्थाहरुमा संचालित **विशेष प्राविधिक शिक्षा छात्रवृत्ति कार्यक्रम (दलित, मुसलमान, लोपोन्मुख जाति तथा भूकम्प प्रभावित)** डिप्लोमा इन इन्जिनियरिङ्ग (सिभिल, इलेक्ट्रिकल, अटोमोबाइल, जियोमेटिक्स), होटेल म्यानेजमेन्ट, फुड एण्ड डेरी टेक्नोलोजी तथा इन्टरप्रेनरसीप डेभलपमेन्ट कार्यक्रमको प्रथम वर्ष प्रथम खण्ड, दोस्रो बर्ष प्रथम खण्ड र तेस्रो बर्ष प्रथम खण्डको नियमित तथा आंशिक परीक्षा संचालन हुने भएकोले नियमित शुल्कमा **मिति २०७७ साल चैत्र २३ गते र विलम्ब शुल्कमा मिति २०७७ चैत्र ३० गते भित्र** परीक्षा आवेदन फाराम भर्ने म्याद तोकिएको हुंदा सम्बन्धित शिक्षण संस्थाहरुले अनिवार्य रुपमा विद्यार्थीहरुबाट परीक्षा आवेदन फाराम भराउनु हुन यो सूचना प्रकाशित गरिएको छ । ***साथै निम्न शर्तहरु पूरा नभएका र तोकिएको समय भित्र आवेदन फाराम नबुझाउने शिक्षण संस्थाका विद्यार्थीहरुलाई परीक्षामा सम्मिलित नगराइने व्यहोरा सम्बन्धित सबैको जानकारी लागि अनुरोध छ ।***

**शर्तहरु :**

१. परीक्षा आवेदन फाराममा उल्लेखित विवरणहरु सबै भरिएको हुनुपर्नेछ । आवेदन फाराममा परीक्षार्थीको हालसालै खिचेको अनुहार प्रष्ट देखिने पासपोर्ट साईजको फोटो टांसिएको हुनुपर्नेछ ।

२. सेमेष्टर प्रणाली तर्फ परीक्षा शुल्क रु. २,०००।- तथा बिलम्ब शुल्कमा प्रति विद्यार्थी नियमित परीक्षा शुल्कको दोब्बर दस्तूर बुझाउनु पर्नेछ । **साथै नियमित शुल्कको समय भित्र** Web Based Online System **मा फाराम** Entry **नगरेमा विलम्व शुल्क समेत लाग्नेछ ।**

३. आंशिक परीक्षार्थीको हकमा एक विषय मात्रको लागि परीक्षा शुल्क रु. ३००।- र प्रत्येक थप विषयको लागि रु. १५०।- का दरले नियमित शुल्कमा र बिलम्व शुल्क प्रति विद्यार्थी तोकिएको शुल्कको दोब्बर दस्तुर बुझाउनु पर्नेछ ।

४. सम्वन्धित शिक्षण संस्थाहरुले परीक्षा आवेदन फाराम बुझाउंदा बिषयगत नियमित तथा आंशिक एवं नयां तथा पुरानो पाठयक्रमको छुट्टाछुट्टै फाइल खडा गरी शुल्क बुझाएको रसिद संलग्न गरी परिषद्का प्रदेश कार्यालयहरुमा तोकिएको मिति भित्र दर्ता गर्नुपर्नेछ ।

५. सम्वन्धित शिक्षण संस्थाहरुले परीक्षा आवेदन फाराम शुल्क वापतको रकम नियमित शुल्क बुझाउने अन्तिम मिति तथा बिलम्व शुल्क बुझाउने **अन्तिम मितिको भोलिपल्ट अनिवार्य रुपमा सम्बन्धित प्रदेश कार्यालयको बैंक खातामा रकम बुझाउनु पर्नेछ** र मिति **२०७७।१२।३१** भित्र नियमित तथा विलम्व परीक्षा आवेदन फाराम एकै साथ सम्बन्धित प्रदेश कार्यालयमा बुझाउनु पर्नेछ ।

६. आंशिक परीक्षार्थीको हकमा शैक्षिक शत्र २०७५/७६ र २०७६/७७ (ई. सं. २०१८ र २०१९) मा विशेष प्राविधिक शिक्षा छात्रवृत्ति कार्यक्रम अन्तर्गत भर्ना भई रजिष्ट्रेशन कायम भएका विद्यार्थीहरुले मात्र परीक्षा आवेदन फाराम भर्न पाउने छन ।

७. नियमित तर्फ सेमेष्टर परीक्षा प्रणालीका परीक्षार्थीहरुको परीक्षा आवेदन फारामहरु Web Based Online System मा Entry गरी समष्टिगत फारामको क्रमअनुसार मिलाई कार्यक्रम अनुसारको समष्टिगत फारामको Printed Copy समेत एक प्रति सोहि फाईलमा संलग्न गर्नुपर्नेछ ।

८. आंशिक तर्फ शैक्षिक शत्र २०७५/७६ र २०७६/७७ (ई. सं. २०१८ र २०१९) मा भर्ना भई रजिष्ट्रेशन भएका सेमेष्टर परीक्षा प्रणालीका सम्पुर्ण कार्यक्रमहरुको Online आवेदन फारामहरु Web Based Online System मा Entry गरी समष्टिगत फारामको क्रम अनुसार मिलाई कार्यक्रम अनुसारको समष्टिगत फारामको Printed Copy समेत एक प्रति सोहि फाईलमा संलग्न गर्नुपर्नेछ ।

९. सेमेष्टर परीक्षा प्रणालीका नियमित बिषयहरुको आन्तरिक मूल्यांकनको प्राप्तांक Web Based Online System मा Entry गरी प्रमाणित एक प्रति (Printed Copy) मा सही छाप गरी अनिवार्य रुपमा फाईलिङ्ग गरी पेश गर्नुपर्नेछ । Entry गरी सकेका आन्तरिक मूल्यांकनको प्राप्तांक पछि परिवर्तन हुने छैन ।

१०. आंशिक परीक्षार्थीहरुको हकमा आन्तरिक मूल्यांकन परीक्षामा अनुत्तीर्ण (NQ) परीक्षार्थीहरुको मात्र आन्तरिक मूल्यांकनको प्राप्तांक परीक्षा फाराममा तथा Web Based Online System मा Entry गरी एक प्रति प्रिन्ट गरी सही छाप गरी बुझाउनु पर्नेछ ।

११. आन्तरिक मूल्यांकन परीक्षामा उत्तीर्ण परीक्षार्थीहरुमात्र अन्तिम परीक्षामा सामेल हुन पाउने छन् । आन्तरिक मूल्यांकन परीक्षामा अनुत्तीर्ण (NQ) परीक्षार्थीहरुले अनुत्तीर्ण विषय उल्लेख गरी परीक्षामा सामेल भएमा निजको सो विषयको परीक्षा स्वतः रद्द हुनेछ ।

१२.नियमित तर्फ सेमेष्टर परीक्षा प्रणालीका परीक्षार्थीहरुको परीक्षा आवेदन फाराम परिषद्, प.नि.का.को वेवसाइट www.ctevtexam.org.np मा उपलब्ध हुनेछ र परीक्षा आवेदन फाराम तथा प्रवेश पत्र **सेतो** कागजमा प्रिन्ट गरी पेश गर्नु पर्नेछ ।

१३. आंशिक तर्फ शैक्षिक शत्र २०७५/७६ र २०७६/७७ (ई. सं. २०१८ र २०१९) मा भर्ना भई रजिष्ट्रेशन कायम भएका सेमेष्टर परीक्षा प्रणालीका परीक्षार्थीहरुको परीक्षा आवेदन फाराम परिषद्, प.नि.का.को वेभसाइट www.ctevtexam.org.np मा उपलब्ध हुनेछ । परीक्षा आवेदन फाराम तथा प्रवेश पत्र **पहेंलो** रङ्गको A4 पेपरमा प्रिन्ट गरी बुझाउनु पर्नेछ ।

१४. प्रदेश नं १ को कार्यालय, ईटहरी, सुनसरीको रा.बा.बैङ्क, इटहरी शाखाको च. हि. नं. २५५०१००००१२७८००१ मा,
प्रदेश नं २ को कार्यालय, जनकपुर, धनुषाको रा.बा.बैङ्क, जनकपुर शाखाको च. हि. नं. १५२०१००००२६३९००१ मा,
बागमती प्रदेशको कार्यालय, मकवानपुर, हेटौंडाको रा.बा.बैङ्क, हेटौंडा शाखाको च. हि. नं. १३००१००००३६६९००१ मा,
गण्डकी प्रदेशको कार्यालय, पोखरा, कास्कीको रा.बा.बैङ्क, पार्दी, पोखरा शाखाको च. हि. नं. ३५००१००००००२३४००१ मा,
लुम्बिनी प्रदेशको कार्यालय, बुटवल, रुपन्देहीको रा.बा.बैङ्क, बुटवल शाखाको च. हि. नं. ३३६०१०००००३६१००१ मा,
कर्णाली प्रदेशको कार्यालय, बीरेन्द्रनगर, सुर्खेतको रा.बा.बैङ्क, सुर्खेत शाखाको च. हि. नं. ४०८०१०००१५५२८००१ मा,
सुदुर पश्चिम प्रदेशको कार्यालय, धनगढी, कैलालीको रा.बा.बैङ्क, धनगढी शाखाको च. हि. नं. ४१७०१००००६५०८००१ मा शुल्क जम्मा गरेको सक्कल भौचर परीक्षा आवेदन फाराम साथ संलग्न गर्नु पर्नेछ ।

**नोट :**

१. सिम्बल नं एकमुष्ट Generate गर्नुपर्ने भएकाले नियमित शुल्कको परीक्षा आवेदन फाराम मिति २०७७।१२।२४ गते कार्यालय समय भित्र र विलम्ब शुल्कको मिति २०७७।१२।३० गते कार्यालय समय भित्र Web Based Online System मा शिक्षण संस्थाहरुले Entry गरिसक्नुपर्नेछ । यो सूचना परिषद्, प.नि.का.को वेवसाइट www.ctevtexam.org.np मा उपलब्ध हुनेछ ।

**परीक्षा नियन्त्रक**